# बहुउपयोगी चिउरी, कल्की, नीम तथा फलफूलको विरुवा रोपण अभियान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

प्रदेश सरकार

प्रदेश नं ५

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## बहुउपयोगी चिउरी, कल्की, नीम तथा फलफूलको विरुवा रोपण अभियान कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७५

**प्रस्तावनाः** प्रदेश नं ५ का  सम्भावित क्षेत्रहरुमा चिउरी, कल्की, नीम तथा फलफूलजस्ता बहुउपयोगी तथा वातावरणीय दृष्टिकोणबाट महत्वपूर्ण विरुवाहरुको क्षेत्र विस्तार गरी मौरीको चरन क्षेत्र विस्तार गर्दै मौरी पालन व्यवसाय विस्तार र विकासमा टेवा पुऱ्याउने, वानस्पतिक तेल, साबुन, अत्तर बनाउने, फलफूल उत्पादन बढाउने, जैविक विषादी बनाएर रासायनिक विषादीको प्रयोगलाई न्युनिकरण गर्न तथा प्रदेश सरकार, प्रदेश नं ५ को नीति तथा कार्यक्रमको बुँदा नं ४९ र ५३ लाई  सम्बोधन गर्न र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको बहुउपयोगी चिउरी, कल्की, नीम तथा फलफूलको विरुवा रोपण अभियान कार्यक्रम लाई सरल र पारदर्शी रुपमा सञ्चालन गर्न मन्त्रालयले "बहुउपयोगी चिउरी, कल्की, नीम तथा फलफूलको विरुवा रोपण अभियान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" तयार गरि लागू गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम “बहुउपयोगी चिउरी, कल्की नीम तथा फलफूलको विरुवा रोपण अभियान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५” रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "बहुउपयोगी" भन्नाले वातावरणमैत्री तथा जनस्वास्थ्यमा प्रतिकूल असर नपार्ने, खायन, औषधीय तथा विरुवाहरुमा प्रयोग गर्न मिल्ने विषादीय गुण आदि भएका वस्तुहरु सम्झनुपर्छ।

(ख) “कार्यक्रम” भन्नाले फर्म/कम्पनी, कृषक समूह, कृषि सहकारी, कृषि उत्पादन, प्रशोधन तथा बजारीकरणमा प्रत्यक्ष रुपमा संलग्न रहेका अन्य

सहकारी, सामुदायीक बन, गुठी, ऐलानी, निजी तथा सार्वजनिक जग्गा आदिमा चिउरी, कल्की नीम तथा फलफूलका विरुवा रोपण कार्यक्रम सम्झनुपर्छ।

(ग) "सम्बन्धित कृषि ज्ञान केन्द्र" भन्नाले कार्यक्रम सञ्चालन गर्ने संस्था (निजी फार्म, समूह वा सहकारी, सामुदायीक वन, गुठी, ऐलानी, निजी तथा सार्वजनिक जग्गा रहेको)जिल्ला कार्यक्षेत्र रहेको कृषि ज्ञान केन्द्र सम्झनुपर्छ।

(घ) "समिति" भन्नाले यस कार्यविधिको दफा ५ बमोजिम गठित बहुउपयोगि चिउरी, कल्की, नीम तथा फलफूलको बिरुवा रोपण अभियान कार्यक्रम कार्यान्वयन समिति सम्झनुपर्छ।

३. <u>**उद्देश्यहरु:**</u> यस कार्यविधिका उद्देश्यहरु देहायबमोजिम रहेका छन् ।

(क) चिउरी, कल्की, नीम तथा फलफूलको क्षेत्रफल विस्तार गर्ने ।

(ख) गुठी,ऐलानी, निजी, सार्वजनिक जग्गा, सामूदायीक वन, धार्मिकस्थलहरुका खाली जग्गाहरु सदुउपयोग गरी स्वच्छ वातावरण सृजना गर्ने ।

(ग) चिउरी, कल्की, नीम तथा फलफूललाई कच्चा पदार्थको रुपमा प्रयोग गर्दै प्राप्त हुने उप-उत्पादन (जस्तै; अत्तर, जैविक विषादी, सावुन, तेल, औषधी, आदि) साथै मौरीको लागि चरन क्षेत्र विस्तार गरि आय-आर्जनमा वृद्धि गर्दै कृषकको आर्थिकस्तर सुदृढ गर्ने।

## परिच्छेद-२

## <u>कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था</u>

**४. कार्यक्रम सञ्चालन विधिः** (१) बहुउपयोगी चिउरी, कल्की, नीम तथा फलफूलको विरुवा रोपण अभियान कार्यक्रम सञ्चालन कृषि विकास निर्देशनालय र सम्बन्धित कृषि ज्ञान केन्द्रहरुबाट हुनेछ। कृषि ज्ञानकेन्द्रले उपयुक्त संचार माध्यमहबाट अनुसूची-१ बमोजिमको प्रस्ताव आह्वानको सूचना प्रकाशन गर्नेछन् ।

(२) कार्यक्रम सञ्चालनको लागि जग्गाको न्यूनतम क्षेत्रफल तालिका १ बमोजिम हुनुपर्नेछ ।

तालिका १.

| क्र. सं. | निवेदकको प्रकृति | न्यूनतम क्षेत्रफल | कैफियत |
|---|---|---|---|
| १ | निजी फर्म | तराई — १ विघा<br>पहाड — ५ रोपनी | प्रति क्लष्टर |
| २ | कृषि समूह/ कृषि सहकारी | तराई — ३ विघा<br>पहाड — १५ रोपनी | प्रति क्लष्टर |
| ३ | सामूदायीक वन | तराई — ३ विघा<br>पहाड — १५ रोपनी | प्रति क्लष्टर |
| ४ | सार्वजनिक जग्गा, गुठी, धार्मिक स्थलका जग्गा आदि | तराई —५ कठ्ठा<br>पहाड —२ रोपनी | प्रति क्लष्टर |

(३) ईच्छुक फर्म, कृषक समूह, कृषि सहकारी, सामुदायीक वन, कृषि उत्पादन, प्रशोधन तथा बजारीकरणमा प्रत्यक्ष रुपमा संलग्न रहेका अन्य बहुउद्देश्यीय सहकारीहरुले रित पुर्वक सम्बन्धित कृषि ज्ञान केन्द्रमा तोकिएको समयावधि भित्र रहि अनुसूची-२ बमोजिम आवेदन दर्ता गर्न सक्नेछन्। प्रस्तावकहरुले प्रस्ताव पेश गर्दा अनुसूची-३ बमोजिम संक्षिप्त कार्ययोजना अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(४) प्रस्तावना पेश गरिएको कूल लागतको ९०% वा प्रति प्रश्ताव अधिकतम १० लाख अनुदान रकम हुनेछ ।विरुवाको मूल्यमा ढुवानी, खाडल खन्ने खर्च, मल र रोपण समेत समायोजन गर्न सकिनेछ ।

(५) कृषि ज्ञान केन्द्रमा दर्ता हुन आएका आवेदनहरु उपर बहुउपयोगी चिउरी, कल्की, नीम तथा फलफूलको विरुवा रोपण अभियान कार्यक्रम कार्यान्वयन समितिले अनुसूची—४ बमोजिम मूल्याङ्कन गर्नेछ र आवश्यकता अनुसार उक्त शिर्षक भित्रका उप-शिर्षक र सम्बन्धित अंकभारको बाँडफाँड गरि मूल्याङ्कन गरि अनुदान स्वीकृतीका लागि निर्देशनालयमा पेश गर्नेछ र कार्यक्रम व्यवस्थापन समितिले स्वीकृत बजेट र कार्यक्रमको परिधिभित्र रहि अनुदान रकम स्वीकृत गर्न आवश्यक निर्णय गर्नेछ । स्वीकृत बजेटको

परिधिभित्र रहि अनुदानग्रही संख्या कार्यक्रम व्यवस्थापन समितिले निर्णय गरे वमोजिम हुनेछ।छनौट भएका प्रस्तावकहरुले तोकिएको समयावधि भित्र अनुसूची-५ बमोजिमको सम्झौता गर्नु पर्नेछ । सो समिति देहाय बमोजिम हुनेछ ।

(६) कार्यक्रम व्यवस्थापन समिति देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| प्रमुख, कृषि विकास निर्देशनालय | संयोजक |
| वरिष्ठ वाली संरक्षण अधिकृत, कृषि विकास निर्देशनालय | सदस्य |
| वरिष्ठ कृषि विकास अधिकृत, भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| उपसचिव प्रतिनिधी, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय | सदस्य |
| उपसचिव प्रतिनिधी, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| उपसचिव प्रतिनिधी, सामाजिक विकास मन्त्रालय | सदस्य |
| वरिष्ठ वागवानी विकास अधिकृत, कृषि विकास निर्देशनालय | सदस्य सचिव |

(७) बहुउपयोगी चिउरी, कल्की, नीम तथा फलफूलको विरुवा रोपण अभियान कार्यक्रम कार्यान्वयन समिति

| | |
|---|---|
| प्रमुख, कृषि ज्ञान केन्द्र | संयोजक |
| प्रतिनिधि, अध्ययन परिक्षण तथा तथ्याङ्क शाखा, कृषि ज्ञान केन्द्र | सदस्य |
| प्रमुख, प्रशासन फाँट, कृषि ज्ञान केन्द्र | सदस्य |
| प्रमुख वा प्रतिनिधि, डिभिजन बन कार्यालय | सदस्य |
| प्रमुखले तोकेको प्राविधिक प्रतिनिधि,कृषि ज्ञान केन्द्र | सदस्य सचिव |

आवश्यकता अनुसार बढीमा ३ जना आमन्त्रित सदस्य राख्न सकिने ।

**५.<u>भुक्तानी प्रक्रियाः</u>** (१) कार्यसम्पन्न प्रतिवेदन र बिल भरपाई सहित भूक्तानीका माग भई निवेदन पेश भएपछि सम्बन्धित कृषि ज्ञान केन्द्रहरुले सो कागजातहरु असार १ गते भित्र कृषि विकास निर्देशनालयमा पेश गर्नु पर्नेछ र निर्देशनालयले सम्झौता र नियमानुसार लाग्ने करकट्टी गरि भुक्तानी दिनेछ ।

(२) स्वीकृत अनुदान रकममा सूचना प्रकाशन, विज्ञ सेवा, बैठक खर्च, अनुगमनमा औचित्य र आवश्यकता अनुसार खर्च गर्ने गरी अधिकतम ५ प्रतिशत कन्टीन्जेन्सी रकम र प्रचलित कानुन बमोजिम कर कट्टि गरी भुक्तानी गर्नेछ।

## परिच्छेद-३

## विविध

६.**अनुगमन तथा मूल्याङ्कन व्यवस्थाः** प्रदेश सरकार प्रदेश नं ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय, कृषि ज्ञान केन्द्रहरुबाट नियमित अनुगमन गरिनेछ र अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन सम्बन्धित कार्यालयहरुमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

७.**कारवाहीको व्यवस्थाः** स्विकृत भएका प्रस्तावहरु सम्झौता अनुसार सम्पन्न नगरे वा प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाईएमा प्रदेश सरकारको प्रचलित कानून बमोजिम कारवाही गरि सरकारी रकम असुल उपर गरिनेछ ।

८. **प्रचलित कानून लागु हुनेः** कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानूनबमोजिम हुनेछ ।

९. **बाधा अड्चन, निरुपण, खारेजी र संसोधन** : (१) यस कार्यविधि कार्यान्वयनमा बाधा, द्विविधा वा विवाद भएमा सो को निरुपण भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले गर्नेछ ।

(२) भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधि संसोधन तथा खारेज गर्न सक्नेछ ।

## अनुसूची— १
### (दफा ४ को उपदफा १ बमोजिम)
### बहुउपयोगी चिउरी, कल्की, नीम तथा फलफूलको विरुवा रोपण अभियान कार्यक्रम कार्यान्वयनको लागि प्रस्ताव अह्वानको सूचनाको ढाँचा
### सूचना ! सूचना !! सूचना !!!

यस कार्यालयको आ.व.२०......./............ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार बहुउपयोगी चिउरी, कल्की तथा नीमको विरुवा रोपण अभियान कार्यक्रम को लागि अनुदान कार्यक्रम रहेको हुँदा इच्छुक कृषक, कृषक समूह, कृषक सहकारी, कृषि उत्पादन, प्रशोधन तथा बजारीकरणमा प्रत्यक्ष रुपमा संलग्न रहेका अन्य सहकारी, सामुदायीक बनबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र सम्बन्धित कृषि ज्ञान केन्द्रको कार्यालयमा तोकिएको ढाँचा अनुसारको आवेदन फारममा दरखास्त दिनुहोला । पुनश्चः आवेदन साथ तपशिल अनुसारका कागजातहरु सम्लग्न राख्न समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

<u>तपशिल</u>

१.अनुसूची २ अनुसारको आवेदन फारम
२.अनुसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना
३.फर्म/कृषक समुह/सहकारीको दर्ता प्रमाण-पत्रको प्रतिलिपी (नविकरण समेत)
४.स्थाई लेखा नम्बर
५.गत आ.व. को कर चुक्ता प्रमाण-पत्र र लेखा परिक्षण प्रतिबेदन
६.प्रश्तावको तर्फवाट कार्यक्रम संचालन गर्न जिम्मेवार व्यक्ती तोकिएको निर्णयको प्रतिलिपी
७.प्रस्तावक (जिम्मेवार व्यक्ती) को नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी

## अनुसूची — २

**(दफा ४ को उपदफा ३ बमोजिम)**

**बहुउपयोगी चिउरी, कल्की, नीम तथा फलफूलको विरुवा रोपण अभियान कार्यक्रमको अनुदान सहयोग प्राप्त गर्नका लागि दिईने आवेदन-पत्र**

श्रीमान् प्रमुख ज्यू,
कृषि ज्ञान केन्द्र,
..................... ।

**विषयः................(निजि फर्म/संस्था/......) लाईअनुदान सहयोग कार्यक्रम उपलब्ध गराईदिने बारे**

महोदय,

यस श्री ..........................................(निजि फर्म/संस्था/.....)लाई उक्त अनुदान सहयोग प्राप्त गरि .......................... कार्य गर्न ईच्छुक भएकोले निम्नानुसार कागजात राखी निवेदन पेश गरेको छु । .................(निजि फर्म/संस्था/........) ले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार कार्य गर्नेछ/गर्नेछु । पुनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध छ।

तपशिल

१.अनुसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना
२.फार्म/समुह/सहकारीको दर्ता प्रमाण-पत्रको प्रतिलिपी
३.स्थाई लेखा नम्बर
४.कर चक्ता प्रमाण-पत्र
५.लेखा परिक्षण प्रतिबेदन
६.समूह/सहकारी/सामुदायीक बनको निर्णयको प्रतिलिपी
७.प्रस्तावको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी

(निजि फर्म/संस्था/........) को

नामः

प्रमुखको दस्तखतः ठेगानाः सम्पर्क नं

## अनुसूची — ३

(दफा ४ को उपदफा ३ बमोजिम)

### बहुउपयोगी चिउरी, कल्की तथा नीमकोविरुवा रोपण अभियान कार्यक्रम कार्ययोजना

प्रश्तावकको नाम : ..................................................................

ठेगानाःगाउँ/टोलः.................................................... वार्ड नं................................

गा.पा./न.पाः..................जिल्लाः.........................

प्रश्तावकको को जम्मा जग्गाको क्षेत्रफल (विघा/कठ्ठा/रोपनी)......................

वृक्षारोपण गरिने क्षेत्रफल(विघा/कठ्ठा/रोपनी) ..........................

विस्तार गर्न सकिने जम्मा क्षेत्रफल (विघा/कठ्ठा/रोपनी)......................

कृषकहरु लाभान्वित हुने संख्या र सम्भावना (घरधुरी)................................

अनुदान माग गरेको शिर्षक/विषयः.............

सहयोग स्वरुप माग गरेको अनुदान रकमः.............................

आफ्नो लगानी : ..........................

व्यावसाययोजनाः ................................

**सञ्चालन गरिने कार्यको विवरण**

| क्र.स | सञ्चालन गरिने क्रियाकलाप | ईकाई | परिमाण | अनुदान सहयोग | निजी लगानी | जम्मा लगानी |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |

समय तालिका

| क्र.स | क्रियाकलाप | चैत्र | बैशाख | जेष्ठ | असार १० सम्म |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

प्रश्तावकको

छापः ...        जिम्मेवार व्यक्तीको नामः.....        दस्तखत .....      सम्पर्क नं........

**अनुसूची— ४**
**(दफा ४ को उपदफा ५ बमोजिम)**

## बहुउपयोगी चिउरी, कल्की, नीम तथा फलफूलको विरुवा रोपण अभियान कार्यक्रमको प्रस्ताव मूल्याङ्कन फारम

| क्र.सं | द.नं | आवेदकको नाम | ठेगाना | मूल्याङ्कन (१०० पूर्णाङ्कमा गर्ने) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | लाभान्वित हुने कृषक संख्या (३०) | पेश गरेको व्यावसाय योजना तथा कार्ययोजना (४०) | उक्त ............(निजि फर्म/संस्था.......)माकार्यक्रमको सम्भाव्यता, उपयुक्तता तथा दिगोपना (१५) | क्षेत्र विस्तार हुन सक्ने सम्भावना (१५) | कुल प्राप्ताङ्क (१००) |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

छनौट समितिका पदाधिकारीहरुको नाम, थर, पद, दस्तखत र मितिः
१.
२.
३.
४.
५.

## अनुसूची– ५

## (दफा ४ को उपदफा ५ बमोजिम)

## बहुउपयोगी चिउरी, कल्की, नीम तथा फलफूलको विरुवा रोपण अभियान कार्यक्रम सञ्चालनको लागि गरिने सम्झौता-पत्रको नमूना

प्रदेश सरकार, प्रदेश नं ५, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय द्वारा कृषि ज्ञान केन्द्र .................... मार्फत सञ्चालन गरिने चालु आ.व. ............. को स्विकृत .................. कार्यक्रम सञ्चालन गर्न ............ कार्यालय (यस भन्दा पछाडी पहिलो पक्ष भनिने) विशिष्टताका आधारमा छनौट भएका श्री .............. (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) विच तपशिलका सर्तमानहरु गरि गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता / सहमति भएको छ ।

१.कृषि विकास निर्देशनालयले ........ (निजि फर्म/संस्था.......)लाई कार्यक्रम सञ्चालनको लागि कार्ययोजना अनुसार कार्य सम्पादन पश्चात एकमुष्ट भुक्तानी / कार्यविधी अनुसार रकम अनुदान स्वरुप उपलब्ध गराउने छ ।

२.दोश्रो पक्षले पहिलो पक्षबाट आवस्यक प्राविधिक प्राप्त गरि आफुले आवेदन गरे अनुसारको ..... कार्यक्रम सञ्चालन गर्नेछ ।

३.भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय/कृषि विकास निर्देशनालय, रुपन्देहीले समय सापेक्ष नियमित रुपमा कार्यक्रम सञ्चालन गरे नगरेको अनुगमन गर्नेछन।

४.यो सम्झौता उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि प्राकृति प्रकोप / भवित्व्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयम आफै हुनेछ ।

५.यस सम्झौतामा उल्लेख भय भन्दा अन्य व्यहोराको हकमा प्रचलित प्रदेश नं ५ को नियम कानुन बमोजिम हुनेछ ।

| | |
|---|---|
| पहिलो पक्ष | दोश्रो पक्ष |
| कार्यालयको तर्फबाट सही गर्नेको | (निजि फर्म/संस्था.......)को तर्फबाट सही गर्नेको |
| | |
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छापः | औंठाको छापः |
| | दाः बाः |
| | संस्थाको छापः |
| सम्पर्क / फोन नं | सम्पर्क / फोन नं |